लेटाङ नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : ७ संख्या : २ मिति : २०८०-०३-२२

(भाग —२)

## लेटाङ नगरपालिका

### लेटाङ नगरपालिकाको कर्मचारी तह वृद्धि सम्बन्धी कार्यविधि,२०८०

**लेटाङ नगरपालिकाको कर्मचारी तह वृद्धि सम्बन्धी कार्यविधि,२०८०**
**कार्यपालिकाबाट स्वीकृत मितिः २०८०।०३।०९**
**प्रमाणीकरण मितिः २०८०-०३-२२**

**प्रस्तावनाः**

लेटाङ नगरपालिकामा कार्यरत कर्मचारीको तहबृद्धिलाई व्यवस्थित गर्न कोशी प्रदेश सरकारद्वारा जारी गरिएको स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०८० को दफा १५४ तथा लेटाङ नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७६ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी लेटाङ नगरपालिकाको कर्मचारी तह बृद्धि सम्बन्धी कार्यविधि, २०८० स्वीकृत गरी जारी गरिएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

**(१)** यस कार्यविधिको नाम "लेटाङ नगरपालिकाको कर्मचारी तह वृद्धी सम्बन्धी कार्यविधी,२०८०" रहेको छ ।

**(२)** प्रारम्भ: यो कार्यविधि प्रमाणीकरण भएको मिति देखि लागु हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) "अध्यादेश" भन्नाले कोशी प्रदेश सरकारद्वारा जारी भएको स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०८० सम्झनु पर्छ।

ख) "अख्तियारवाला" भन्नाले कर्मचारीको नियूक्ति बढुवा र तह वृद्धि गर्न अधिकार प्राप्त अधिकृत कर्मचारीलाई सम्झनु पर्छ ।

ग) "अधिकृत" भन्नाले लेटाङ नगरपालिकामा कार्यरत अधिकृतस्तरको कर्मचारीलाई सम्झनु पर्छ।

घ) "कर्मचारी" भन्नाले लेटाङ नगरपालिकामा कार्यरत स्थानीय सेवाको स्थायी कर्मचारीलाई सम्झनु पर्छ ।

ङ) "कार्यपालिका" भन्नाले लेटाङ नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्छ।

च) "कार्यालय" भन्नाले लेटाङ नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्छ।

छ) "कार्यविधि" भन्नाले लेटाङ नगरपालिकाको कर्मचारी तह बृद्धी सम्बन्धी कार्यविधी, २०८० सम्झनु पर्छ।

ज) "प्रमुख प्रशासकिय अधिकृत" भन्नाले लेटाङ नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ।

झ) "प्रदेश" भन्नाले कोशी प्रदेशलाई सम्झनु पर्छ।

ञ) "प्रदेश लोक सेवा आयोग" भन्नाले कोशी प्रदेशको प्रदेश लोक सेवा आयोगलाई सम्झनु पर्छ।

ट) "तह बृद्धि" भन्नाले अध्यादेशको दफा ४, ८ र २८ बमोजिम गरिने तह वृद्धीलाई सम्झनु पर्छ।

ठ) "स्थानीय सेवा भन्नाले" अध्यादेशको दफा ३ बमोजिम लेटाङ नगरपालिकामा गठन भएको स्थानीय सेवालाई सम्झनु पर्छ।

ड) "संघीय लोक सेवा आयोग" भन्नाले लोक सेवा आयोगलाई सम्झनु पर्छ।

ढ) "सभा" भन्नाले लेटाङ नगरपालिकाको नगर सभालाई सम्झनु पर्छ।

ण) "समायोजन ऐन" भन्नाले कर्मचारी समायोजन ऐन, २०७५ लाई सम्झनु पर्छ।

त) "सिफारिस समिति" भन्नाले यो कार्यविधिको दफा ८ बमोजिम गठित समितिलाई सम्झनु पर्छ ।

## परिच्छेद-२
## तह वृद्धि सम्बन्धी व्यस्था

३. आवश्यक न्यूनतम योग्यता र सेवा अवधीः अध्यदेशको दफा २८(१) बमोजिम लेटाङ नगरपालिकामा कार्यरत कर्मचारीलाई यस दफाबमोजिम तह वृद्धि गरिनेछ।

(१) स्थानीय सेवामा कार्यरत कर्मचारीको तह वृद्धि गर्दा तह वृद्धि हुने पद भन्दा मुनिको पदमा ५ पाँच वर्षको सेवा अवधि पूरा भएको,

यस उपदफा बमोजिम तह वृद्धिका लागि सेवा अवधिको गणनामा दफा ५ समेत लागु हुनेछ।

(२) पछिल्लो ३ तीन वर्षको कार्य सम्पादन मूल्याङ्कनमा औषत ९० प्रतिशत अङ्क प्राप्त गरेका र देहाय बमोजिमको न्यूनतम शैक्षिक योग्यता हासिल गरेका कर्मचारीलाई देहाय बमोजिम सम्बन्धित सेवा, समूह वा उपसमूह भित्र तह वृद्धि गरिने छ,

| क्र. स. | कार्यरत तह | तह वृद्धि हुने तह | न्यूनतम शैक्षिक योग्यता | |
|---|---|---|---|---|
| | | | स्वास्थ्य सेवा बाहेकका अन्य स्थानीय सेवा | स्थानीय स्वास्थ्य सेवा |
| १ | पाँचौ | छैटौं | सेवा समूहसँग सम्बन्धित विषयमा कम्तिमा प्रमाणपत्र तह वा कक्षा १२ उत्तीर्ण | स्वास्थ्य सेवा सम्बन्धी संघीय कानूनले तोकेको न्यूनतम शैक्षिक योग्यता |
| २ | सातौं | आठौं | सेवा समूहसँग सम्बन्धित विषयमा कम्तिमा स्नातक तह उत्तीर्ण | स्वास्थ्य सेवा सम्बन्धी संघीय कानूनले तोकेको न्यूनतम शैक्षिक योग्यता |

| | | | | |
|---|---|---|---|---|
| ३ | नवौं | दशौं | सेवा समूहसँग सम्बन्धित विषयमा कम्तिमा स्नातक तह उत्तीर्ण | स्वास्थ्य सेवा सम्बन्धी संघीय कानूनले तोकेको न्यूनतम शैक्षिक योग्यता |

४. तह वृद्धि सम्बन्धी विषेश व्यवस्थाः

(१) अध्यादेशको दफा ४ (५) बमोजिम स्थानीय तहको सहायक तेश्रो तह र चौथो तहको पदमा समायोजन भई अध्यादेश जारी हुँदाका दिन विक्रम सम्वत २०८०।०१।१४ गते सम्म ५ वर्ष सेवा अवधि पूरा गरेका र तह वृद्धि नभएका कर्मचारीलाई एकपटकका लागि क्रमशः चौथो र पाँचौ तहमा प्रमुख प्रशासकीय अधिकृतले निर्णय गरी नियूक्ति पत्र दिनेछ।

यस उपदफा अनुसार तह वृद्धि हुने पद स्वतः सृजना हुने छ।त्यसरी स्वतः सृजना भई तह वृद्धि भएको पदमा सो कर्मचारी कुनै कारणले पदमा बहाल नरहेमा सो पद स्वतः खारेज हुनेछ ।यसरी तह वृद्धि भएका कर्मचारीको जेष्ठता अध्यादेश जारी भएको मिति २०८०।१।१४ देखि कायम हुनेछ।

(२) अध्यादेशको दफा ८(१४) बमोजिम चौथो तहका सहायक कम्प्यूटर अपरेटर पदमा कार्यरत कर्मचारीको तह वृद्धिको निर्णय प्रमुख प्रशासकीय अधिकृतले गरी नियूक्ति पत्र दिनेछ।

यस उपदफा बमोजिम बढुवा गर्ने पद स्वतः सृजना हुनेछ र साविकको पद स्वतः खारेज हुनेछ।

(३) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि,

क) ....✄....

ख) संघीय लोक सेवा आयोगबाट स्थानीय तहको छैटौं तहमा सिफारिस भई स्थायी नियूक्ति भैसकेका स्थानीय तहको सातौं तहका लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता पुगेका ...✄... कर्मचारीलाई प्रमुख प्रशासकीय अधिकृतले एक तह वृद्धिको निर्णय गरी सातौं तह कायम गरिएको नियूक्ति पत्र दिनेछ। यसरी सातौं तह कायम गर्नुपूर्व संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी संगठन संरचना स्वीकृत गर्नुपर्नेछ।

यसरी तह वृद्धि गरिएको कर्मचारीको जेष्ठता अध्यादेश जारी भएको मिति २०८०।१।१४ देखि कायम हुनेछ।

५. तह वृद्धिका लागि सेवा अवधि गणना सम्बन्धी व्यवस्थाः (१) स्थानीय तहमा कार्यरत कर्मचारीको तह वृद्धिका लागि सेवा अवधि गणना गर्दा अध्यादेशको दफा ८ (११) बमोजिम समायोजन हुनू पूर्वको सम्बन्धित पदको स्थायी सेवा अवधि समेत गणना गरिनेछ।

६. कामकाजमा खटिएका कर्मचारीको तह वृद्धि सम्बन्धी व्यवस्थाः (१) लेटाङ नगरपालिको दरवन्दीमा पदाधिकार रही कार्यरत रहेका, साथै लेटाङ नगरपालिको दरवन्दीमा पदाधिकार रही कोशी प्रदेश बाहिर वा कोशी प्रदेशको अन्य स्थानीय तहमा कामकाजका लागि खटिएका कर्मचारीलाई लेटाङ नगरपालिकाको तह वृद्धिमा समावेश गरिनेछ। अन्य स्थानीय तहबाट कामकाजका लागि यस नगरपालिकामा खटिएका कर्मचारी यो कार्यविधि अनुसार हुने तह वृद्धिमा समावेश गर्न सकिने छैन।

*✄: कोशी प्रदेश लोकसेवा आयोगको पुनः परामर्श अनुसार हटाइएको।*

तर पदाधिकार रहेको स्थानीय तहबाट तह वृद्धि भई लेटाङ नगरपालिकाको स्वीकृत रिक्त दरबन्दीमा रमाना लिई आएमा दरबन्दी कायम भएको मानिनेछ।

यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि अध्यादेश बमोजिम जारी हुने कोशी प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावलीमा तोकेको हकमा तोकिए बमोजिम हुनेछ।

७. **स्थानीय स्वास्थ्य सेवा, समूहको तह वृद्धिः** (१) स्थानीय स्वास्थ्य सेवाको चौथो तहमा संघीय लोक सेवा आयोगको सिफारिसमा स्थायी नियूक्ति भै नगरको स्थानीय स्वास्थ्य सेवामा समायोजन भएका, तोकिएको शैक्षिक योग्यता पूरा भएका, अध्यादेश जारी हुँदा ५ वर्ष पूरा भएका कर्मचारीको एकपटकका लागि यसै कार्यविधि बमोजिम तह वृद्धि गरिनेछ।

## परिच्छेद-३
## तह वृद्धि प्रकृया सम्बन्धी व्यवस्था

८. सिफारिस समिति: (१) अध्यादेशको दफा २८ र कार्यविधिको दफा ३ बमोजिम नगरपालिकामा कार्यरत कर्मचारीको तहबृद्धि गर्न लेटाङ नगरपालिकामा तपसिल बमोजिमको तह बृद्धि सिफारिस समिति **रहनेछ** ।

क) प्रमुख प्रशासकीय अधिकृत - अध्यक्ष

ख) नगरपालिकामा कार्यरत बरिष्ठ अधिकृतहरू मध्ये नगर कार्यपालिकाले तोकेको एक महिला सहित २ अधिकृत – सदस्य

तर बरिष्ठ अधिकृत आफै तह वृद्धिका लागि निवेदक रहेको अवस्था निज बाहेकका अधिकृतहरू मध्येबाट सदस्य तोकिनेछ। समितिमा रहेका अधिकृतहरू मध्ये प्रमुख प्रशासकीय अधिकृतले तोकेको सदस्यले सदस्य सचिव भई कार्य गर्नेछ।

(२) समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(३) प्रशासन शाखा प्रमुखलाई आमन्त्रण गर्नु पर्नेछ।

(४) बैठक भत्ता नगरपालिकाको अन्य बैठक सरह उपलब्ध गराइनेछ।

९. समितिको काम, कर्तव्य र अधिकार : (१) सिफारिस समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

क) तह बृद्धि प्रयोजनका लागि कार्यतालिका निर्धारण गर्ने ।

ख) निवेदन पेशका लागि सूचना प्रकाशित गर्ने।

ग) पेश भएका निवेदन र कागजातहरुको अध्ययन तथा विश्लेषण गरी तह वृद्धिको लागि वर्गिकरण गर्ने।

घ) अध्यादेशको दफा २८(१) एवम् यस कार्यविधिको दफा ३ बमोजिम कर्मचारीको तह बृद्धिको लागि सिफारिस गर्ने।

ङ) तह बृद्धि गरिने कर्मचारीहरुको नामावली सहित तह बृद्धिका लागि कार्यपालिकालाई सिफारिस गर्ने।

१०. सूचना प्रकाशन गर्नुपर्नेः

(१) स्थानीय सेवामा कार्यरत तह वृद्धिका लागि अध्यादेशको दफा २८ एवम् यस कार्यविधिको दफा ३ बमोजिम योग्यता पुगेका कर्मचारीहरूका लागि तह वृद्धि गर्न प्रत्येक आर्थिक वर्षको साउन र माघ १ गतेबाट तह वृद्धि हुने गरी र कम्तिमा १ महिना अगावै नगरपालिकाले वेभसाईटमा सूचना प्रकाशन गर्नु पर्नेछ।

(२) तोकिएको अवधिभित्र कर्मचारीले अध्यादेशको दफा २८(१) एवम् यस कार्यविधिको दफा ३ बमोजिमको योग्यता खुल्ने देहायका कागजातसहित निवेदन कर्मचारी प्रशासन शाखामा पेश गर्नु पर्नेछ।

क) अनुसूची १ को बमोजिमको निवेदन

ख) सुरू स्थायीको नियूक्ति पत्र

ग) समायोजन ऐन अनुसार समायोजन भएको भए सो सम्बन्धी कागजात

घ) अनुसूची २ बमोजिमको सेवाअवधि प्रमाणित हुने फारम

ङ) पछिल्लो ३ वर्षको कार्यसम्पादन मूल्याङ्कन फारमको सक्कल प्रतिको गोप्य खामबन्दी

च) तह वृद्धि हुनका लागि आवश्यक न्यूनतम योग्यताको लब्धाङ्क पत्र, मूल प्रमाणपत्र र चारित्रिक प्रमाणपत्र

छ) पेशागत व्यवसायिक प्रमाण पत्रको नविकरण भएको पत्र समेत (व्यवसायिक प्रमाणपत्र आवश्यक हुने सेवा समूहका लागि)

ज) समितिले तोके बमोजिमको अन्य आवश्यक कागजातहरू

यस दफामा जुनसुकै कुरा लेखिएको भएतापनि अध्यादेशको दफा ४ (५), दफा ८(१४) र ८(१६) को व्यवस्था अनुसार तह वृद्धिकालागि समितिले समय तोकी अलग्गै सूचना प्रकाशन गरी प्रमुख प्रशासकीय अधिकृतले तह वृद्धि गर्नेछ।

११. निवेदन दिनु पर्ने : तह बृद्धि हुनका लागि ईच्छुक संभाव्य कर्मचारीले अनुसुची १ बमोजिमको ढाँचामा तोकिएको मिति भित्र निवेदन पेश गर्नु पर्ने छ ।

१२. सिफारिस: (१) अध्यादेशको दफा २८(२) को समय तालिका अनुसार तह वृद्धि हुने गरी सिफारिस समितिले निवेदनसाथ प्राप्त कागजातहरुको जाँच गरी कार्यपालिकालाई योग्यताक्रम सहित तह बृद्धिको लागि सिफारिस गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम सिफारिस गर्दा कर्मचारीले तह बृद्धी हुनुपूर्वको पदमा भएको स्थायी तथा बढुवा नियूक्ति अनुसारको सेवा अवधि, शैक्षिक योग्यता सेवाकालीन तालिमलाई आधार मानी योग्यता क्रम निर्धारण गरी सिफारिस गर्नु पर्नेछ।

१३. तह वृद्धि गर्नेः समितिको सिफारिस अनुसार योग्यता क्रम कायम गरी कार्यपालिकाले तह वृद्धिको निर्णय गर्नेछ।

१४. जेष्ठता कायमः अध्यादेश तथा कार्यविधि अनुसार तह वृद्धि हुने कर्मचारीको जेष्ठता कायम गर्दा प्रत्येक आर्थिक वर्षको श्रावण १ गते र माघ १ गतेबाट कायम हुनेछ। जेष्ठता सम्बन्धी अन्य व्यवस्था अध्यादेश र सेवा समूहको प्रचलित कानून बमोजिम हुनेछ।

१५. तह वृद्धि सम्बन्धी पत्रः (१) यस कार्यविधि अनुसार तह वृद्धि भएका कर्मचारीलाई अख्तियारवाला अधिकारीले अनुसूची ३ बमोजिमको ढाँचामा तह वृद्धि सम्बन्धी नियूक्ति पत्र दिनुपर्नेछ।

१६. तह बृद्धि भएकका कर्मचारीको सेवा, सुविधा :

(१) यस कार्यविधि बमोजिम तह बृद्धि भएका कर्मचारीले तह बृद्धि भएको मितिबाट माथिल्लो तहको तलब भत्ता प्राप्त गर्नेछन् ।

(२) यस कार्यविधि बमोजिम तह बृद्धि गर्दा सम्बन्धित कर्मचारीले खाईपाई आएको तलब भन्दा घटी हुने भएमा खाईपाई आएको तलबभन्दा घटी नहुने गरी कार्यालयले निर्धारित ग्रेड सीमा भित्र रही ग्रेड थप गरी तलब मिलान गर्नुपर्छ।

(३) तह बृद्धि भएका कर्मचारी सेवा निवृत्त हुँदा उपदानको लागि प्राप्त गर्ने सेवा सुविधा प्रचलित कानून बमोजिम हुनेछ ।

१७. तह बृद्धि गर्न नहुने : (१) यस कार्यविधि अनुसार देहाय अवस्थाका कर्मचारीको तह वृद्धि गरिने छैन।

क) निलम्बन भएकोमा उक्त अवधिभर,

ख) तह वृद्धि वा बढुवा रोक्का भएकोमा उक्त अवधिभर,

ग) तलबबृद्धि रोक्का भएकोमा उक्त अवधिभर,

घ) अध्यादेशको दफा ४२ बमोजिम सेवा वा समूह परिवर्तन गरेको कर्मचारी भए त्यसरी सेवा वा समूह परिवर्तन गरेको ३ वर्ष सम्म,

ङ) असाधरण विदा वा अध्ययन विदामा वसेकोमा सो विदाको अवधिभर,

च) स्थानीय स्वास्थ्य सेवाको कर्मचारीको हकमा प्रचलित कानून बमोजिम गठन भएकोमा व्यवसायिक परिषद्मा नाम दर्ता निलम्बन भएको उक्त अवधिभर,

(२) अध्यादेश र यो कार्यविधिको प्रकृया पुरा नगरी झुटा विवरण पेश गरी कर्मचारीको तह वृद्धि गरेमा त्यसरी भएको तह वृद्धि रद्ध गरी ३ वर्षको अवधि सम्म तह वृद्धि रोक्का र बढुवा गर्ने अधिकारीलाई प्रचलित कानून बमोजिम कारबाहीको सिफारिस गरिनेछ।

१८. जानकारी दिनु पर्नेः (१) यस कार्यविधि बमोजिम लेटाङ नगरपालिकामा भए गरेको कर्मचारीको तह वृद्धि सम्बन्धी जानकारी निर्णय भएको मितिले १५ दिन भित्र प्रदेश कितावखाना, कोशी प्रदेश मुख्य मन्त्री तथा मन्त्री परिषदको कार्यालय र प्रदेश लोकसेवा आयोगलाई दिनुपर्नेछ।

१९. उजुरी र गुनासोः (१) नगरपालिकाले गरेको तह वृद्धि सम्बन्धी कार्य उपर चित्त नबुझेमा सम्बन्धित कर्मचारीले तह वृद्धि सम्बन्धी निर्णय सम्बन्धी सूचना प्रकाशन भएको मितिले २१ दिन भित्र रितपूर्वक उजुरी र गुनासो गर्नसक्नेछ।

(२) उजुरी र गुनासो सम्बन्धमा प्रदेश लोक सेवा आयोगले गरेको निर्णय नगरपालिका र निवेदकले कार्यान्वयन गर्नुपर्नेछ।

२०...✂...

## परिच्छेद-४
## विविध

२१. बाधा अड्काउ फुकाउ: यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा उत्पन्न भएमा प्रदेश लोक सेवा आयोगको परामर्शमा नगर कार्यपालिकाले आवश्यक निर्णय गरी त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

२२. यस कार्यविधिमा उल्लेख भएका विषयहरू कार्यविधि बमोजिम र अन्य विषयहरू अध्यादेश तथा प्रचलित कानून बमोजिम हुनेछ।

२३. कार्यविधि परिमार्जन: कार्यविधिमा परिमार्जन तथा हेरफेर गर्नु परेमा कार्यपालिकाले आवश्यक प्रक्रिया पूरा गरी प्रदेश लोक सेवा आयोगको परामर्श समेतको आधारमा परिमार्जन गर्न सक्नेछ।

२४. विविधः कार्यविधिमा कर्मचारीको सेवा सर्त सम्बन्धी व्यवस्थाहरू सघीय तथा प्रदेश कानूनसँग बाझिएमा त्यसरी बाझिएको व्यवस्थाहरू संघीय वा प्रदेश कनूनमा व्यवस्था भए बमोजिम हुनेछ।

*✂: कोशी प्रदेश लोकसेवा आयोगको पुनः परामर्श अनुसार हटाइएको।*

अनुसूची १

(कार्यविधिको दफा १० (२) क सँग सम्बन्धित)

**तह बृद्धिको लागि पेश गर्ने निवेदनको ढाँचा**

मिति : ..../ ... /...

श्रीमान अध्यक्ष ज्यू,
तह वृद्धि सिफारिस समिति, लेटाङ नगरपालिका, मोरङ।

विषय: तह वृद्धि हुन पाउँ भन्ने विषयमा।

प्रस्तुत विषयमा यस नगरपालिकाको तह बृद्धि सिफारिस समितिको मिति ....../ ..... / .... गतेको सूचना अनुसार म हाल तपसिल बमोजिमको सेवा, समूह, स्तर र तहमा कार्यरत रहेको र उक्त सूचना बमोजिम म देहाय बमोजिमको स्तर र तह बृद्धि हुन योग्य रहेको हुँदा लेटाङ नगरपालिकाको कर्मचारी तह बृद्धि सम्बन्धी कार्यविधि, २०८० अनुसार तह वृद्धि हुन देहायको कागजात सहित यो निवेदन पेश गरेको व्यहोरा अनुरोध गर्दछु ।

तपसिलः

१. स्थायी नियूक्तिको पत्र ।
२. बढुवा/ तह बृद्धि भएको पत्र ।
३. समायोजन पत्र ।
४. नेपाली नागरिकता प्रमाण पत्र ।
५. शैक्षिक योग्यताको प्रमाण पत्रहरू थान..... ।
६. सेवा अवधि खुल्ने पत्र
७. ३ वर्षको का.स.मू. गोप्य बन्दी खाम थान.......।
८. व्यवसायिक परिषद्को दर्ता प्रमाणपत्रको प्रतिलिपि (आवश्यक भएमा मात्र )

निवेदकको विवरण :

| | |
|---|---|
| नामथर : | सुरु नियूक्ति मिति: |
| पद/स्तर: | हालको पदमा तह बृद्धि/ बढुवा मिति: |
| तह: | समायोजन मिति: |
| सेवा: | कर्मचारी संकेत नं. |
| समूह: | कार्यरत कार्यालय: |

माथि उल्लिखित सबै बेहोरा ठिक साँचो हो झुठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

निवेदक
नाम:
दस्तखत:
क.सं. नम्बर :

अनुसूची २

दफा १०(२) घ सँग सम्बन्धित

उमेद्वारको अनुभव, असाधारण बिदा र अन्य आवश्यक विवरण सम्वन्धी फाराम

१. कार्य अनुभव सम्बन्धी विवरण

कर्मचारीको नाम :

स्थायी नियूक्ति मिति :

समायोजन मिति :

तह वृद्धि मिति :

| क्र.सं. | कार्यालयको नाम र पूरा ठेगाना | सेवा/समूह/ उपसमूह | श्रेणी/स्तर/तह | कार्यरत अवधि | | जम्मा अवधि | | | भौगोलिक क्षेत्र (वर्ग) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | देखि | सम्म | वर्ष | महिना | दिन | |
| १ | | | | | | | | | |
| २ | | | | | | | | | |
| ३ | | | | | | | | | |
| जम्मा अवधि | | | | | | | | | |

२. बिदा सम्बन्धी विवरण

| क्र.सं. | विदाको किसिम | बिदाको अवधि | | जम्मा अवधि | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | देखि | सम्म | वर्ष | महिना | दिन | |
| १ | अध्ययन | | | | | | |
| २ | असाधारण | | | | | | |
| ३ | वेतलबी | | | | | | |

३. सजाय सम्बन्धी विवरणः भए/नभएको खुलाउने

माथि उल्लिखि विवरण सत्य छन् ।निवेदन बुझाएको पदको विज्ञापनको लागि अयोग्य ठहरिने गरी कुनै सजाय पाएको छैन।मैले पेश गरेको विवरण झुटा ठहरिएमा प्रचलित कानून बमोजिम सहनेछु र बुझाउनेछु ।

| दाँया | बाँया |
|---|---|
| | |

उमेद्वारको दस्तखत

नामः

मिति

प्रमाणीत गर्ने कार्यालय प्रमुखको

दस्तखतः

नाम, थरः

पद/दर्जाः

मिति कार्यालयको छाप

अनुसूची ३
(कार्यविधिको दफा १५(१) सँग सम्बन्धित)
तह बृद्धि पत्रको ढाँचा

पत्र संख्या: मिति : .................
चलानी नं.
श्री.......................................
...स्तर र ... तह
कर्मचारी संकेत नम्बर:

विषय: तह बृद्धि गरिएको सम्बन्धमा ।

महासय,

तपाईंलाई नगर कार्यपालिकाको कार्यालयको मिति ....।.. ।.. गतेको निर्णायानुसार स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०८० को दफा २८ को उपदफा १ एवम् लेटाङ नगरपालिकाको कर्मचारी तह बृद्धि सम्बन्धी कार्यविधि, २०८० को दफा तथा कार्यालयको मिति ................... को निर्णयानुसार ..................... गतेदेखि ज्येष्ठता कायम हुने गरी स्थानी सेवामा तपसिल बमोजिम स्तर र तहमा तह बृद्धि गरिएको छ ।

स्थानीय सेवाको ............स्तर .........तहमा तह बृद्धि हुनु भएकोमा हार्दिक बधाई छ।

तपसिल

| साविकको पद/स्तर/तह | बृद्धि गरिएको पद/स्तर/तह |
|---|---|
| नामथर : | नामथर : |
| पद: | पद: |
| स्तर/तह: | स्तर/तह: |
| सेवा: | सेवा: |
| समूह: | समूह: |
| कार्यरत कार्यालय: | कार्यरत कार्यालय: |

**बोधार्थ**

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाण्डौं।
श्री लोक सेवा आयोग, केन्द्रीय कार्यालय अनामनगर, काठमाण्डौं।
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कोशी प्रदेश बिराटनगर मोरङ।
श्री राष्ट्रिय किताबखाता (निजामती) पूल्चोक ललितपूर।
श्री प्रदेश लोकसेवा आयोग, बिराटनगर मोरङ।
श्री प्रदेश किताबखाना, बिराटनगर मोरङ।
श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, मोरङ।
श्री कर्मचारी सञ्चयकोष, बिराटनगर, मोरङ।
श्री नागरिक लगानी कोष, बिराटनगर, मोरङ।
श्री आर्थिक प्रशासन शाखा, लेटाङ नगरपालिका नगर कार्यपालिकाको कार्यालय, लेटाङ, मोरङ।

आज्ञाले,
नारायण न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत